## कोशी प्रदेश सरकार
### पर्यटन, वन तथा वातावरण मन्त्रालय
### प्रदेश वन निर्देशनालय

# भू तथा जलाधार व्यवस्थापन कार्यालय

### ओखलढुंगा, नेपाल

## भू-संरक्षण तथा जलाधार व्यवस्थापन सम्बन्धी केही समस्या छ ?



## भाग- १
## कार्यालयबाट संचालन गरिने कार्यक्रमहरुको परिचय
## भाग- २
## कार्यक्रम मांग गर्ने देखि सम्पन्न हुंदा सम्मको निवेदन र अन्य कागजात पेश गर्ने तरिका


## “सरक्षित जलाधार, सम्मुनतिको आधार”

# १. दुई शब्द

यस भू तथा जलाधार व्यवस्थापन कार्यालयबाट संचालन गरिने कार्यक्रमहरु र सो कामको लागि निवेदन पेश गर्ने एवं कार्यान्वयन तरिका बारेको पुस्तिका भू-संरक्षण तथा जलाधार व्यवस्थापन संग सम्बन्ध राख्ने उपभोक्ताहरु, बौद्धिकवर्ग, कर्मचारी एवं सम्पूर्ण सरोकारवालाहरुलाई उपयोगी हुनुको साथै आफ्नो समुदायमा कार्यरत उपभोक्ताहरुलाई अझ बढी सजिलो होस् भन्ने आशाका साथ समर्पण गरेको छु । अन्तमा, यो पुस्तिका तयार गर्ने कार्यमा सहयोग गर्नु भएका सम्पुर्ण यस कार्यालय परिवार तथा सम्पादन गर्नको लागि मद्दत र सल्लाह दिनु हुने सबै महानुभावहरुलाई धेरै धेरै धन्यवाद दिन चाहन्छु ।

**टोप बहादुर श्रेष्ठ**
कार्यालय प्रमुख
वरिष्ठ जलाधार व्यवस्थापन अधिकृत(दशौं)
भू तथा जलाधार व्यवस्थापन कार्यालय, ओखलढुङ्गा

## २. कार्यक्षेत्रको नक्सा



# विषय सूची


१. दुई शब्द ........ 2

२. कार्यक्षेत्रको नक्सा ........ 4

भाग- १ ........ 7

३. कार्यालयको जानकारी ........ 7

३.१ परिचय ........ 7

३.२ उद्‌देश्य ........ 8

३.३ कार्यनीति ........ 9

३.४ भू तथा जलाधार व्यवस्थापन कार्यालयबाट संचालन गरिने कार्यक्रमहरु ........ 10

भाग- २ ........ 25

३. निवेदन पेश गर्ने तरिका ........ 25

४.१ निवेदन दिन के गर्नु पर्छ ? ........ 25

४.२ निवेदन दर्ता गर्दा/गरे पश्चात याद गर्नुपर्ने कुराहरु ........ 26

४.३ निवेदन छनौट प्रक्रिया ........ 27

४.४ स्थल छनौट तथा नाँपजाँच ........ 27

४.६ सम्झौता (सम्झौता गर्न के गर्नु पर्छ ?) ........ 29

४.७ समुहको खाता खोल्न के तयार गर्नु पर्छ ? ........ 30

४.८ कार्यक्रम सुरु गर्दा ध्यान दिनु पर्ने कुराहरु : ........................................ 31

४.९ काम सम्पन्न भई सके पछि के गर्ने ? ........................................ 31

४.१० कार्यालयले सम्पन्न कामको नाँपजाँच गर्ने । ........................................ 32

४.११ भुक्तानी लिन के तयार गर्नु पर्छ ? ........................................ 32

४.१२ बैंकको खाता बन्द गर्न के गर्नु पर्छ ? ........................................ 33

अनुसुची-१ : कार्यक्रम/योजना माँग गर्ने निवेदनको नमुना........................................ 36

अनुसुची-२: कार्यक्रम माँग गर्दा बस्ने समितिको बैठकको माईन्यूटको नमुना ........................................ 37

अनुसुची-३: बैंक खाता खोल्न सिफारिस सम्बन्धमा ........................................ 39

अनुसुची-४: अन्तिम किस्ता भूक्तानी सम्बन्धमा........................................ 40

अनुसुची-५: समितिको बैठकको माईन्यूटको नमुना........................................ 41

अनुसुची-६: सामाजिक परीक्षण प्रतिवेदन ........................................ 43

# भाग- १

## ३. कार्यालयको जानकारी

### ३.१ परिचय

वर्तमान राज्य पुनरसंरचना पश्चात तत्कालको भू तथा जलाधार संरक्षण विभागले ६१ जिल्ला मार्फत प्रवाह गरेको सेवा संघिय सरकार अन्तरगतका ४ वटा कार्यालयहरू र प्रदेश सरकार अन्तरगत रहने गरी व्यवस्था भएका प्रत्येक प्रदेशमा दुईवटाका दरले जम्मा १४ वटा कार्यालयबाट सम्पादन गर्ने गरि निर्णय गरि कार्यान्वयनमा ल्याइएको अवस्था छ । यस व्यवस्था अनुसार हाल १ नं. प्रदेश सरकार अन्तरगत ओखलढुंगा र धनकुटा जिल्लामा भू तथा जलाधार व्यवस्थापन कार्यालय स्थापना गरिसकिएको छ ।ओखलढुंगा जिल्लामा रहेको भू तथा जलाधार व्यवस्थापन कार्यालयले ओखलढुंगा सहित सोलुखुम्वु, खोटाङ, उदयपुर, सुनसरी, मोरङ र झापा जिल्लामा जलाधार व्यवस्थापनको सेवा दिने र धनकुटा जिल्लामा रहेको भू तथा जलाधार व्यवस्थापन कार्यालयले धनकुटा सहित भोजपुर, तेह्रथुम, संखुवासभा, इलाम, पांचथर, ताप्लेजुङ जिल्लामा जलाधार व्यवस्थापनको सेवा प्रवाह गर्ने भनी संघिय सरकारबाट निर्णय भै कार्यान्वयनमा आइसकेको छ । तर हाल संघिय सरकारले गरेको निर्णय बमोजिम स्थापना भएका कार्यालयहरु ओखलढुंगाले सुनसरी मोरङ र झापा तथा धनकुटाले इलाम, पांचथर र ताप्लेजुङका जनताहरुलाइ प्रभावकारी सेवा दिन संभव नभए पश्चात संघिय सरकारको निर्णयलाई पनि कार्यान्वयन गर्दै जनतालाई तुलनात्मक रुपमा सहज पहुंच सहितको सेवा प्रवाह गर्न साथै प्रदेश सरकारको स्विकृत कार्यक्रम र बजेटमा उल्लेख

भएका भू तथा जलाधार व्यवस्थापन कार्यक्रमका उद्देश्य प्राप्त गर्न अर्को स्थायी व्यवस्था नभएसम्मका लागि एउटा अस्थाइ प्रकृतिको जलाधार व्यवस्थापन कार्यक्रम कार्यान्वयन इकाईको स्थापना एवं संचालनको आवश्यकता महशुस गरी आ. व. २०७५।०७६ देखि जलाधार व्यवस्थापन कार्यक्रम कार्यान्वय इकाईको स्थापना  सुनसरी, मोरङ, झापा, इलाम, पांचथर र ताप्लेजुङ जिल्लाहरुमा जलाधार व्यवस्थापन सम्बन्धी कार्यक्रम संचालन हुंदै आएको छ । हाल यस कार्यालयबाट ओखलढुंगा सहित सोलुखुम्वु, खोटाङ, उदयपुर ताप्लेजुङ जिल्लाहरुमा जलाधार व्यवस्थापन सम्बन्धी कार्यक्रम संचालन हुंदै आएको छ

### ३.२ उद्देश्य

भू तथा जलाधार व्यवस्थापन कार्यालय स्थापनाका मुख्य उद्घेश्यहरु निम्नानुसार छन्

- पानीजन्य प्रकोपका जोखिमहरु न्यूनीकरण गर्दै जनधनको क्षति कम गर्नुका साथै **भूमीको उत्पादकत्वमा वृद्घि** गरी जनताको जिविकोपार्जनमा सुधार ल्याउनु।
- भू-क्षय, बाढी , पहिरो, गेग्रान र पांगो माटो थुप्रिने प्रकृयालाई कम गरी सतहमा बग्ने र भुमीगत जल भण्डारमा मात्रात्मक र गुणात्मक सुधार ल्याउनु र **विकासका पूर्वाधारहरुको** संरक्षण गर्नु ।
- भू तथा जलाधार व्यवस्थापनको सेवा प्रवाहलाई जनताको सहज पहुंचमा पुर्याउनुका साथै प्रदेश सरकारको स्विकृत नीति तथा बजेट कार्यक्रम कार्यान्वयनलाई सहजिकरण गर्नु ।

## ३.३ कार्यनीति

उल्लेखित उद्देश्यहरु प्राप्तिका लागि निम्न प्रकारका कार्यनीतिहरु अपनाइएका छन् ।

- उप-जलाधार क्षेत्रहरुको अवस्था र **प्राथमिकता**को आधारमा जनसहभागिता जुटाई **एकिकृत अवधारणा** अनुरुप कार्यक्रम संचालन गर्ने ।
- उप-जलाधार क्षेत्रलाई योजना तर्जुमा एवं व्यवस्थापनको इकाई मानि कार्यक्रमहरु संचालन गर्ने ।
- उपयुक्त प्रविधिको प्रदर्शन, तालिम, भ्रमण, गोष्ठी तथा प्रचार/प्रसार, संरक्षण दिवश समारोह आदिको माध्यमबाट जनतामा जनचेतना जगाउने र जनसहभागिता जुटाई कार्यक्रमहरु संचालन गर्ने ।
- सफल कार्यक्रमहरुलाई मिल्दो हावापानी, सामाजिक एवं परिस्थिति अनुकुल क्षेत्रहरुमा विस्तार गर्दै जाने ।
- वन, कृषि, पशु विकास, जलश्रोत आदि हरित क्षेत्रसँग सम्बन्धित अन्य निकायहरुसँग सम्पर्क एवं समन्वय राख्दै जनतालाई एकिकृत सेवा प्रदान गर्दै जाने ।
- भू-क्षयबाट प्रभावित क्षतिग्रस्त जमिनहरुमा एकिकृत भू-संरक्षण तथा जलाधार व्यवस्थापन पद्धती अपनाई पुनरुत्थान गर्ने कार्यमा उपभोक्ता समुहहरुलाई सहयोग गर्दै जाने ।

## ३.४ भू तथा जलाधार व्यवस्थापन कार्यालयबाट संचालन गरिने कार्यक्रमहरु



## ❖ जलाधार/ उपजलाधार प्राथमिकीकरण तथा योजना तर्जुमा

- जलाधार/उपजलाधार प्राथमिकीकरण गर्दा बृहत् जलाधार ब्यावस्थापन केन्द्र र सम्बन्धित जिल्ला समन्वय समिति संग समन्वय गरी भू उपयोग, भू प्रणाली, भू गर्भ , भिरालोपना जस्ता भू जैविक तथा जनघनत्व, सामाजिक एवं आर्थिक पक्षहरुको मानकको आधारमा जलाधार तथा उपजलाधार प्राथमिकिकरण गर्ने ।
- संवेदनसिल जलाधार ब्यावस्थापन (भू क्षय, पहिरोग्रस्त क्षेत्र, जोखीम क्षेत्र, संवेदनशिल क्षेत्रको उपचार (Hot spot ) तथा महत्वपुर्ण जलाधार क्षेत्र (जस्तो शहरी जलाधार, जलविद्युत जलाधार, पर्यावरणीय जलाधार, सिमसार क्षेत्रको जलाधार ब्यावस्थापन) लाई जलाधार तथा उपजलाधार क्षेत्र प्राथमिकीकरणमा आधार लिने ।
- साविक भू तथा जलाधार संरक्षण विभागद्धारा प्रकाशित Sub-watershed Priotization Guidelines तथा Watershed Characterizations Atrtributes हरुको उपयोग गर्न सकिने छ ।
- प्राथमिकतामा परेको जलाधार उपजलाधारहरुको स्थानिय जनसमुदाय तथा जनप्रतिनिधिहरुको सहभागितामा सामाजिक, आर्थिक तथा प्राकृतिक स्रोतहरुको स्थिति पत्ता लगाई जलाधार संरक्षण तथा ब्यावस्थापन सम्बन्धि आवश्यकता पहिचान गरी जलप्रवाह प्रणाली, भू उपयोग,

भू प्रणाली, भू गर्भ , भिरालोपना जस्ता भू जैविक तथा जनघनत्व, सामाजिक आर्थिक पक्षहरुका आधारमा जलाधार ब्यावस्थापन योजना तयार गर्ने ।

- यसरी जलाधार ब्यावस्थापन योजना तयारी गर्दा भू क्षमता र भू उपयोका साथै भू क्षय, पहिरोग्रस्त क्षेत्र, जोखीम क्षेत्र, संवेदनशिल तथा जोखिमयुक्त (Hazard prone), क्षेत्रको पहिचान तथा जल भण्डारण तथा पुनर्भरण, सुख्खाग्रस्त क्षेत्रमा पानी श्रोत संरक्षण ९पानी श्रोत, पोखरी, पानी सोसाउने कुलो, कन्टुर ट्रेन्च, रनअफ हारभेष्टीङ्ग ड्याम० जस्ता कार्यक्रम तथा कृयाकलापहरुको योजना तयार गरिने छ ।
- साथै जलाधार उपजलाधार योजनामा ग्रामीण सडकसंग भू संरक्षण, सिचाइ कुलो जस्ता वातावरण मेत्री विकास ,जलबायु अनुकुलन तथा समानुकुलन, लैगिक संवेदनसिल तथा समावेसिता  जस्ता अन्तरसम्बन्धित पक्षहरुलाई समेटी जलाधार उपजलाधार ब्यावस्थापन योजना तयार गर्ने

❖ एकिकृत भू-स्खलन नियन्त्रण

पहिरो उपचार (भल तर्काउने कुलो, नाला, चेक ड्याम, वाल, बायोईन्जिनियरिङ्ग प्रविधिका लागि घास, बाँस, अम्रीसो लगायतका बुट्यान तथा रुख प्रजाती विरुवा रोपण) ।

पहिरो पूर्व सुचना प्रणाली विकास, जडान परिक्षण ।

गल्छि नियंत्रण (भल तर्काउने कुलो, नाला, चेक ड्याम, वाल, बायोईन्जिनियरिङ्ग प्रविधिका लागि घास, वाँस, अम्रीसो लगायतका बुट्यान तथा रुख प्रजाती विरुवा रोपण) ।

क्षतिग्रस्त भूमि पुनरुत्थान भल तर्काउने कुलो, नाला, चेकड्याम, वाल, बायोईन्जिनियरिङ्ग प्रविधिका लागि घास, वाँस, अम्रीसो लगायतका बुट्यान तथा रुख प्रजातिका विरुवा रोपण ।

कार्यगत ईकाईः प्रभावित क्षेत्र, सो को जलप्रवाह प्रणाली खोला, खहरे, गल्छि र सम्मुखमा रहेका वस्ती समुदायलाई कार्यक्रम सञ्चालनका लागि ईकाई मानी कार्य गरिने छ ।यसमा प्रभावित क्षेत्रको लागि उपयुक्त भू-उपयोगका उपायहरु देखि जैविक, संरचनात्मक, बायोईन्जिनियरिङ्ग प्रविधिहरुको प्रयोग गरि उपचार गरिने छ। कार्यक्रम निर्माणको प्रारम्भ देखि नै प्रभावित जनसमुदायलाई सहभागी गराईने छ ।

प्राथमिकीकरणः मानविय कृयाकलापका कारण सृजित पहिरो तथा भू(क्षय स्थल तथा प्रत्यक्ष रुपमा मानव बस्ती र मानवको जिउ धनको रक्षासंग जोडीएका पहिरो तथा भू(क्षय स्थलहरुको उपचारमा प्राथमिकता दिईने छ भने भौगर्भिक कारणले सृजित प्राकृतिक पहिरोहरु कम प्राथमिकतामा रहने छन र प्रत्यक्ष रुपमा मानवीय जोखीम र महत्वपुर्ण पूर्वाधार (जलविद्युत जलाशय,महत्वपुर्ण सडक) को क्षति हुने प्रकोपहरुबढि प्राथमिकतामा रहने छन् ।

## ❖ सडकसँग भू-संरक्षण

ग्रामीण क्षेत्रहरुमा तिब्रतर रुपमा ग्रामिण सडकको पूर्वाधार निर्माणका कार्यहरुले ठूलो परिमाणमा भू-स्खलन गराएको कारणले जैविक विविधता, भू(उपयोग प्रणाली तथा विविध क्षेत्रमा नकारात्मक असर बढ्दै गईराखेको सन्दर्भमा उक्त कार्यबाट हुनसक्ने जोखिम न्यूनीकरण गर्नु यस कार्यक्रमको मुख्य उद्देश्य रहेको छ । ग्रामीण सडकको भू-स्खलन रोकथामका लागि अवलम्बन गरिने प्रविधिलाई प्रदर्शन स्थलको रुपमा विकास गरी प्रवर्धन गरिनेछ र विकसित प्रविधिलाई क्रमशः प्रदेश, स्थानीय तह सम्म हस्तान्तरण गरिनेछ ।

यस कार्यक्रममा वायो ईन्जिनियरिङ्ग प्रविधिबाट सडकको दायाँवायाँ हरियाली प्रवर्धन तथा भिरालो पाखो संरक्षणका लागि जैविक र संरचनात्क संरचना निर्माण, सडक आसपासका वस्ती र मानवीय जोखिमयुक्त स(साना पहिरो उपचार, गल्छि खोल्सी नियन्त्रण तथा सो सम्बन्धी कुलो नाला निर्माण, सुरक्षित भल पानीको निकास जस्ता कार्यहरु पर्दछन् भने यस कार्यक्रममा सडक निर्माण वा स्तरोन्नतिका उद्धेश्यले निर्माण हुने सडकको नाला निर्माण, वाल निर्माण जस्ता कार्यहरु यसमा समावेश हुने छैन ।

## ❖ जलवायु परिवर्तन अनुकुलन नमुना गाउं कार्यक्रम

यस कार्यक्रम अन्तर्गत तत्कालिन जनसंख्या तथा वातावरण मन्त्रालयले तयार पारेको “जलवायु अनुकुलित गाउँ कार्यक्रम

संचालन कार्यविधि, २०७४" अनुसारका र जलाधार व्यवस्थापनका विविध कार्यक्रमहरु संचालन गरिने छ ।

❖ <u>सिमसार/पोखरी जलाधार व्यवस्थापन</u>

सिमसार नीति २०६९ सिमसार र तालतलैया व्यवस्थापनको मुख्य मार्गदर्शन हो । यी सिमसारहरु सतहपानीको स्रोत मात्रै नभई भूमिगत जल पुनर्भरणको माध्यम समेत हुन । जैविक विविधता, संस्कृतिक महत्व र पर्यटकीय सम्भावना समेत भएका यस प्रदेशमा रहेका सिमसारहरुको नक्शांकन र अभिलेखीकरण गरी प्राथमिकताको आधारमा क्रमशः जिर्णोद्धार, संरक्षण र व्यवस्थापनको कार्य यस अन्तर्गत गरिने छ । तालतलैया तथा सिमसार क्षेत्रहरुमा उपल्लो तटीय क्षेत्रबाट पुग्न जाने सम्भाव्य थिग्रिकरणको असरलाई न्यूनीकरण गरी सिमसार क्षेत्रको वातावरणीय स्वच्छता कायम गर्नु यस कार्यक्रमको मूख्य उद्देश्य रहेको छ । यस अन्तर्गत निम्न कार्यक्रमहरु सञ्चालन गर्न सकिने छ ।

- भू स्खलन रोकथाम (गल्छी/पहिरो) ।
- तटबन्धन निर्माण ।
- अध्ययन अनुसन्धान ।
- वृक्षारोपण ।
- सरोकारवालाहरुसँग अन्तरकृया ९तालिम/गोष्ठी० ।
- संरक्षण समिति गठन तथा शसक्तिकरण ।

❖ खानेपानी तथा सिंचाइ जलाधार संरक्षण

खानेपानी, सिंचाई जलाधार संरक्षण तथा प्राकृतिक रुपमा रहेका महत्वपूर्ण र लोपोन्मुख हुन लागेका पानीका श्रोतहरुको पहिचान र बस्तु स्थितिको विश्लेषण गरी प्राथमिकताका आधारमा पानी श्रोतहरुको दिगो संरक्षण तथा व्यवस्थापन गरिनेछ । यस अन्तर्गत पानी मूहान संरक्षण, संरक्षण पोखरी, कुलो मर्मत, भलपानी भण्डारण वाँध जस्ता क्रियाकलापहरु गरिने छ ।

❖ पर्यावरणीय/पर्यटकीय/जैविकविविधताक्षेत्रजलाधार व्यवस्थापन

पर्यटन तथा जैविक विविधता क्षेत्रका वातावरणीय पूर्वाधार, सेवा, सुविधा, र सुरक्षाको प्रवन्ध गर्नु आवश्यक हुन्छ। पर्यटनको विशेष सम्भावना वोकेका क्षेत्रको समुचित जलाधार व्यबस्थापनद्वारा आवश्यक पूर्वाधार (सडक, पदमार्ग, पानि मुहान, आदि) को सुरक्षा तथा स्तरउन्नति, गुणस्तरीय सेवा (स्वच्छ खाने पानी, जलयात्राको लागि प्रदुषण रहित नदि, स्वच्छ वातावरण, सौन्दर्य प्रदायक भू(भाग आदि)को प्रवाह र पर्यटकको सुरक्षा (वाढि, पहिरो जस्ता प्रकोप वाट) को प्रवन्ध साथै महत्वपुर्ण जैविक विविधता क्षेत्रहरुको संरक्षण तथा व्यवस्थापन गर्नका लागि यो कार्यक्रम संचालन गरिने छ।

❖ एकिकृत सुख्खाक्षेत्र व्यवस्थापन

प्राकृतिक, मानवीय तथा जलवायुजन्य कारणले यस प्रदेशका विभिन्न स्थानहरुमा पानिश्रोतहरु सुक्दै गईरहेको अवस्थालाई

सम्वोधन गर्न यो कार्यक्रम प्रस्ताव गरिएको हो । सुख्खा खडेरी न्यूनीकरणका साथै पानीको मुलहरुको संरक्षण गर्न निम्न कार्यहरु गरिने छन् ।

परम्परागत पोखरीहरुको संरक्षण गर्ने, पुरेका पोखरी पूनरुत्थान गर्ने, गाउघरको बाटोमा बग्ने भललाई संकलन गर्ने पोखरी बनाई वढी पानी आउदा खोला खोल्सीमा सुरक्षित निकास बनाउने ,खोल्सीमा बग्ने पानी आवश्यकता अनुसार खेतबारीमा र खेतबारीको बढी पानी सुरक्षित निकास चाहिदा खोल्सी जाने गरी खेत बारीको शिरानमा कुलो पोखरीहरु बनाउने, मध्यम भिराला बारी ( १५ देखी २१ डीग्री ढलाउ कोण सम्मका लाई) सम्भव भए सम्म गह्राहरु सुधार गर्ने, नभए विचमा विरुवाको हेज रो बनाउने, नाङ्गो क्षेत्र, बुट्यान क्षेत्रमा उपयोगी विरुवाहरुको बृक्षारोपण गर्ने, बृक्षारोपण गर्दा अर्ध चन्द्राकार आकारमा १.५ देखि २ मी. को आखी भै जस्तो वर्षे पानी संकलन गर्ने दुनो बनाई त्यसको मुनीबाट विरुवा रोप्ने ,वहुवर्षिय विरुवाहरु ३(४ फिटको हुर्केको विरुवा मात्र रोप्ने, हरित क्षेत्र कायम राख्न जमीनलाई बाक्लै घास पात लगाई लुगा लगाए झै ढाकेर राख्ने , खेती गर्दा मल्चिङ गर्ने र खेतीवारी संरक्षण गर्ने । कार्यक्रम संचालन गर्न निम्न उपायहरु अवलम्वन गरिने छ ।

- **खानेपानी योजना सञ्चालन गर्दा**

खानेपानीको योजनामा पाइप, टंकी, धारामात्र होइन पानीको मुल र मुहान संरक्षणको कार्य पनि समाबेश गरिने छ ।

- **वन ब्यावस्थापन गर्दा**

पानी मुहानको जलाधार क्षेत्रमा सल्लाको एकल प्रजाती वन भएका चौडापाते मिश्रीत वनको रुपमा क्रमिक रुपमा रुपान्तरण गर्न डीभिजन वन कार्यालय संग समन्वय गर्ने, सामुदायिक वन भए कार्य योजनामा समोश गरी योजना बनाउने तथा नगर र डिभिजन वनको सहकार्यमा कार्यक्रम संचलान गरिने छ ।

- **सुख्खा क्षेत्रमा कृषिमा अनुकुलनका कार्य संचालन गर्दा**

➢ जमीन ओशिलो राख्न जलाधार संरक्षणका विशेष कार्यहरुमा माथि उल्लेखीत कार्यहरु गरिने छ ।

➢ खोला खोल्सीमा वर्षे भल पानी संकलन पोखरी बनाइ सिंचाइ गरिने छ ।

➢ खेतवारी संरक्षण गरिने छ ।

➢ सिंचाइ हुन नसक्ने पाखो बारीहरुमा सुख्खा खप्ने बालीहरुको जात पहिचान तथा प्रवर्धन (घैया धान, जुनेलो, कागुना, सितल चिनी, सैजुन), फापर, अदुवा, बेसार, गहत पाकेट क्षेत्रको रुपमा विकास गरिने छ ।

➢ बाली विविधिकरण (कृषि, पशुपालन, मसलाबाली, कन्दमुल, फलफुल) गरिने छ ।

➢ सामुदायिक बिउ बैंकको स्थापनागरिने छ

➢ पानी फारो सिंचाई प्रविधि, थोपा सिंचाइ, जुठेलो सिंचाई जस्ता कार्यलाई जोड दिईने छ ।

➢ बोरा खेती, समुच्च रेखामा खेती (Contour Trench Farming) गरिने छ ।

➢ मल्चिंग (छापो खेती)लाई वढावा दिईने छ ।

➢ संरक्षण खेतीपातीगरिने छ ।

## ❖ जलविद्युत जलाशय जलाधार संरक्षण

नेपालमा उर्जा क्षेत्रको एक महत्वपूर्ण श्रोतको रुपमा जलविद्युतलाई मानिन्छ । यसले मूलभूत रुपमा जलविद्युत जलाशयको जलाधार क्षेत्रमा हुने वातावरणीय असरहरु जस्तै भू-स्खलन (गल्छी पहिरो), अमानवीय/असंतुलित मानवीय क्रियाकलापहरु (भू उपयोग, कृषि प्रणाली) लाई व्यवस्थित र सन्तुलित गर्दै जलविद्युतको लागि पानीको मात्रा र गुणस्तरमा अभिवृद्धि ल्याउनुका साथै जलाशय क्षेत्रको थिग्रिकरण समस्यालाई न्यूनीकरण गर्ने अपेक्षा राखिएको छ । यस अन्तर्गत निम्न क्रियाकलापहरु सञ्चालन गरिनेछ ।

- जलाधार क्षेत्र पहिचान, तथ्यांक संकलन तथा जलाधार संरक्षण कार्ययोजना तयारी
- गेग्रान छेकबाँध  संरचना निर्माण (Sediment load Trap)।
- पहिरो तथा गल्छी उपचार ।
- ग्रामिण सडक संगै भू संरक्षण तथा हरियाली प्रवर्धन ।
- मुलाधार पहिचान तथा संरक्षण प्याकेज कार्यक्रम ।
- भलपानी व्यवस्थापन तथा जलाधार संरक्षण पोखरी निर्माण ।
- कृषि योग्य भूमिको व्यवस्थापन ।
- कम खर्चिलो तथा वायो इन्जिनियरीङ्ग प्रविधिको प्रवद्र्धन  ।
- संरक्षणमा स्थानीय सरोकारवालाहरुको क्षमता अभिवृद्धि र समन्वयका कार्यहरु ।

❖ <u>शहरी जलाधार व्यवस्थापन</u>

- शहरी क्षेत्रका समुदायको आवश्यकता र सो क्षेत्रसंग जोडिएको उपल्लो तहको पानी ढलोले घेरीएको जलाधार क्षेत्रको संवेदनशिलतालाई सम्बोधन गर्ने गरी मूलभूत रुपमा एकीकृत जलाधार व्यवस्थापनको माध्यमद्वारा भू(स्खलनमा न्यूनीकरण गर्दै कृत्रिम रुपमा पानीको मात्रालाई बढोत्तरी गर्नु कार्यक्रमको मूख्य उद्देश्य रहेको छ । यस अन्तर्गत निम्न कार्यक्रमहरु सञ्चालन गर्न सकिने छ
- स्थानीय जनप्रतिनिधि तथा सरोकारवालहरुसंग अन्तरकृया ।
- संरक्षण समूह पहिचान र सशक्तिकरण ।
- थिग्रीकरण रोकथाम संरचना निर्माण ।
- जल प्रवाहको व्यवस्थापनको लागि हरित प्रविधि विकास ।
- पानी श्रोतको अवस्था सर्वेक्षण अध्ययन ।
- वातावरणीय अध्ययन तथा नियमित अनुगमन⁄मूल्यांकन ।
- पानी मुहान तथा श्रोत संरक्षण ।
- वृक्षारोपण तथा पुन रोपण ।
- संरक्षण पोखरी निर्माण तथा व्यवस्थापन ।
- पानीढल⁄बर्षाझरी तथा वहाव संकलन पोखरी ।
- गेग्रान संकलन तथा गल्छीवहाव नियन्त्रणको लागि चेक ड्याम निर्माण ।
- क्षतीग्रस्त भूमी पुनरुत्थान⁄खेतीवारी संरक्षण ।
- भू उपयोग प्रविधि विकास तथा सचेतनामूलक कार्यक्रम ।
- वातावरणीय सेवा, जलाधारिय सेवा भूक्तानी प्रणालीको विकास ।

## ❖ वायो इन्जि. खेला किनारा संरक्षण

नदी किनारा स्थिरिकरण आर्थिक र सामाजिक सुरक्षाको दृष्टिकोणले संबेदनशील छ । तसर्थ योजना तर्जुमा देखि कार्यन्वयन सम्ममा स्थानीय समुदायको संलग्नता अनिवार्य छ । नदी किनारा स्थिरिकरणका लागि नदी किनारमा संरचनाको निर्माण गर्दा नदी बहावको लागि प्राविधिक रुपले आवश्यक पर्ने नदीको बहाव क्षेत्र नघटाई संरचना निर्माण गरिनु पर्दछ । यो कार्य संचालन गर्दा बायोइन्जिनियरिंङ्ग प्रविधिलाई बढी प्राथमिकता दिनु पर्छ । साथै स्थानीय उपभोक्ताको सहभागिता र सहकार्य लाई प्राथमिकता दिई सञ्चालन गर्नु पर्नेछ। बायोइन्जिनियरिंङ्ग बाहेकका संरचना जस्तै तट्बन्ध, स्पर र चेकड्याम निर्माण गर्नु पर्ने भएमा नदी,खोलाको बहाव क्षेत्रकोलागि आवश्यक ठाउँ छोडेर नदी र खोलाको अर्को किनारामा कटान नबढ्ने गरी मात्र निर्माण गर्नु पर्नेछ र तटबन्धको संरचना निर्माण गर्दा प्राविधिक रुपमा आवश्यक पर्ने लंचिंङ एप्रोन, स्टड र स्परहरुको अनिवार्य व्यवस्था गर्नु पर्नेछ । निर्मित संरचनाको दिगो संरक्षण गर्नको लागि नदीको दुवै किनारमा अनिवार्य हरित पेटिका निर्माण गर्नु पर्नेछ।

## ❖ चुरे तथा नदी प्रणाली संरक्षण

चुरे तथा तराई मधेशका बासिन्दाको जनजीविकाको आधार तथा कृषिका लागि आवस्यक पानीको स्रोत चुरे क्षेत्रको पर्वतीय

पारस्थितीकीय प्रणालीमा आधारीत छ। अन्य प्रदेशमा झै प्रदेश नं. १ मा पनि चुरेको पयार्वरणीय तथा पारस्थितिकीय प्रणालीमा भएका विनाशले भावर, तराइमधेश, भित्री मधेशको जीवन संकटमा पर्दै गएको छ । चुरेमा भएको विनाशकै कारण वर्षाका समयमा अत्याधिक वाढी आउने, भू क्षय, नदी कटान, जमीन मुनिको पानीको सतह घट्ने, पानीका मुहानहरु सुक्दै जाने जस्ता असरहरु समग्र चुरे तराई मधेशमा देखिएका छन् । यसले गर्दा कृषिमा आधारित हाम्रो अर्थतन्त्रमा कृषि उत्पादनमा क्रमश कमी आइ ठुलो जोखिम निम्त्याइरहेको छ ।यी समस्याहरुको सम्बोधन गर्नका लागि चुरे संरक्षण कार्यक्रम अन्तर्गत निम्न कार्यक्रमहरु सञ्चालन हुने छ।

- <u>गल्छि पहिरो भू क्षय नियंत्रण ।</u>
  - बायो ईखोला तथा खहरे किनारा स्थिरीकरण/ब्यवस्थापन ।
  - थिग्रिकरण छेकबाध संरचना निर्माण ।
  - पानी भण्डारण तथा भूमीगत पानी पुनर्भरण संरचना निर्माण ।
  - संरक्षण बृक्षारोपण ।
  - पानी स्रोत संरक्षण तथा भूमीगत जल उपयोग ।

- <u>विरुवा उत्पादन/खरिद तथा वितरण</u>

यस कार्यक्रम अन्तर्गत बृक्षारोपण गर्नको लागि साथै स्थानीय उपभोक्ताहरुलाई आ(आफ्नो निजि जग्गामा बृक्षारोपण गर्नको

लागि विरुवा वितरण समेतको लागि उपभोक्ताको चाहना तथा भू( संरक्षण को हिसावले महत्वपूर्ण गुणस्तरीय विरुवा उत्पादन र निशुल्क वितण गरिने छ । विशेष परिस्थिति (भौगोलिक विकटता तथा अन्य पूर्वाधार र जनशक्ति अभाव जस्ता कारण) र कारणवस नर्सरीमा विरुवा उत्पादन गर्न सम्भव नभएमा उपभोक्ताको चाहना तथा भू-संरक्षण को हिसावले महत्वपूर्ण गुणस्तरिय विरुवा खरिद गरि निशुल्क वितरण गरिने छ ।

❖ <u>भावरक्षेत्रमा रहेको सिमसार व्यवस्थापन तथा पानीमुहान संरक्षण</u>

चुरे र तराई मधेश विचमा रहेको यस क्षेत्रका बासिन्दाको जनजीवनको आधार तथा कृषकका लागि आवस्यक पानीको स्रोत चुरे क्षेत्रको पर्बतिय परिश्थितिकीय प्रणाली मा आधारित छ । चुरेमा भएको विनाशको कारण वर्षायाममा अत्यधिक बाढी आउने, भू क्षय , नदि कटान , जमिन मुनिको पानीको सतह घट्ने , पानीका मुहानहरु सुक्दै जाने जस्ता असरहरु लाइ सम्बोधन गर्नका लागि यी क्षेत्रहरुमा रहेका पानीका मुहानहरु एबम श्रोत तथा सिमसार संरक्षण कार्यक्रम अन्तर्गत निम्न कार्यक्रम संचालन गरिने छ ।

- पानी भण्डारण तथा भूमिगत जल पुनर्भरण संरचना निर्माण
- संरक्षण बृक्षारोपण
- पानी स्रोत संरक्षण जिर्णोद्धार

❖ <u>आकस्मिक भू-संरक्षण</u>

आकस्मिक रुपमा आइपर्ने विपदले व्यक्तिको घरवार नै उठिवास हुने अवस्था भई पिडित व्यक्तिले उपभोक्ता समिति वनाई राहत प्राप्त गर्न कठिनाई हुने अवस्थामा पिडित व्यक्तिलाई कार्यालयवाट राहत उपलव्ध गराउन यस कार्यक्रम संचालन गरिने छ ।

**कार्यान्वयन प्रक्रिया**

- पिडितको माग निवेदन संकलन ।
- स्थल छनौट, आधारभुत तथ्याङ्क संकलन ।
- बस्तु स्थितिको विश्लेषणः अध्ययन अनुसन्धान, अन्तरक्रिया ।
- सर्भे डिजाईन तथा लाई। ।
- कार्यान्वयन चरणः कार्यालय मातहतका कर्मचारी वाट कार्यसंचालन ।
- विपद व्यवस्थापन समितिमार्फत पनि उपलब्ध गरिने
- अनुगमन तथा मूल्याङ्कन ।

❖ <u>संरक्षण कार्यको व्यवस्थापन एवं रेखदेख</u>

यस कार्यक्रम अन्तर्गत निर्मित संरचनाहरु, बृक्षारोपण क्षेत्र, नर्सरीको व्यवस्थापन लगायत अन्य आवश्यक रेखदेखको लागि जनशक्तिको व्यवस्थापन गरिने छ ।

माटो पानी जोगाऔं,

हरियाली बढाऔं

**भाग- २**

### ३. निवेदन पेश गर्ने तरिका

यदि तपाईलाई भू-क्षय सम्बन्धी समस्याहरु पर्न आयो भने कसरी सामाधान गर्ने ?

### ४.१ निवेदन दिन के गर्नु पर्छ ?

*नोट :आर्थिक कारोवारको लागि समुहको बैंक खाता आवश्यक हुने भएकोले उपलब्ध भएसम्म पुरानो (बैंक खाता भएको) समुह मार्फत नै निवेदन दिनु उपयुक्त हुन्छ ।*

## क) निवेदन तयार गर्दा उल्लेख गर्नु पर्ने कुराहरु :

- निवेदनको विषय : (उदाहरण) " पहिरो रेकथाम गरिदिनु हुन ।"
- ठेगाना : गा.पा./न.पा.को नाम, वडा नं., समस्या भएको स्थान ।
- समस्याको पूर्ण विवरण : संभाव्य क्षतिबाट प्रभावित हुने जग्गा, जमिन, घरधुरी र व्यक्ती ।

काम समपन्न भए पछि हुन सक्ने फाइदाहरु ।(क्षेत्रफल, घरधुरी, जनसंख्या)

*(निवेदन लेख्ने तरिकाको उदाहरण अनुसुची १ मा राखिएको छ ।)*

ख) समिति गठन गर्दा बखतको माइन्यूटको प्रतिलिपि अथवा समुह दर्ता भएको भए दर्ता प्रमाण-पत्र ।

*(माइन्यूट लेख्ने तरिकाको उदाहरण अनुसुची २ मा राखिएको छ ।)*

ग) गा.पा./न.पा. र वडा कार्यालयको ***उपभोक्ता समितिको नाम र पदाधिकारीहरुको लिष्ट सहित*** सिफारिस पत्र । (क) मा बनाएको निवेदनको आधारमा ।

**(सिफारिस दिनु हुन ।) भनि निवेदन गा.पा./न.पा र वडा कार्यालयलाई लेख्ने ।**

घ) निवेदनको तल निवेदकको सम्पर्क फोन/मोवायल नम्बर लेख्ने

## ४.२ निवेदन दर्ता गर्दा/गरे पश्चात याद गर्नुपर्ने कुराहरु

## ( दर्ता गर्दा .....)

हाम्रो कार्यालयमा आएका निवेदनहरुलाई त्यसको परिस्थिति अनुसार प्राथमिकता दिन्छौ । आर्थिक वर्ष सुरु हुनु अगावै (असार-श्रावण) महिनाभरी आउने निवेदनहरु बढी हुन्छ ।त्यस कारण सकेसम्म छिटो निवेदन दिन सल्लाह दिन्छौ ।

## ( दर्ता गरे पश्चात .....)

- निवेदन दर्ता गरे पछि दर्ता नम्बर टिपेर जाने ।
- अघिल्लो आर्थिक वर्ष (आ.व.) मा योजना छनौट हुन ढिलो भएमा नयाँ आ.व.मा निरन्तरता दिन सम्पर्क गर्ने ।
- कार्यालयको सम्पर्क नम्बर लिएर जाने । (सकिन्छ भने सम्बन्धित प्राविधिकको फोन नम्बर पनि।)
- कार्यक्रम संचालन सम्बन्धी निर्णय नहुन्जेल सम्म नियमित सम्पर्कमा रहने ।

**सकेसम्म छिटो निवेदन पेश गरौं**

### ४.३ निवेदन छनौट प्रक्रिया

- निवेदन छनौटका आधारहरु :

१) कार्यालयको कार्यक्रम तथा उद्‌देश्यसँग मिल्ने ।
२) बढी भन्दा बढी लाभान्वित हुने । (क्षेत्रफल, घरधुरी, जनसंख्या) ।
३) विनियोजित बजेटले सम्बोधन हुन सक्ने अवस्था ।
४) आवश्यकता अनुसार जनश्रमदान वा नगद उपलब्ध हुन सक्ने ।
५) तोकिएको समयमै काम सम्पन्न गर्न सक्ने ।
६) आवश्यक मर्मत सम्भार तथा संरक्षण गर्न सक्ने ।

राखिन्छ ।

**(हाम्रो आशय)**

**बढी भन्दा बढी जनसहभागितालाई परिचालन गर्ने**

### ४.४ स्थल छनौट तथा नाँपजाँच

स्थल छनौट भई सके पछि कार्यालयबाट प्राविधिकहरुले तपाईहरुको स्थानमा नाँप जाँच तथा सर्भे

गर्न आउँछन् ।सर्भे गर्ने वेलामा उपभोक्ता समुहका जिम्मेवार व्यक्तिहरुको उपस्थिति हुनु पर्दछ ।

**४.५ समुह/समिति गठन गर्न के गर्नु पर्छ ।**

> ➢ **नोट :**
>
> **दर्ता भै PAN लिएका पुरानो सक्रिय समुह भएमा सोही समुहबाट कार्य गर्दा राम्रो हुन्छ । अन्यथा नयाँ समुह गठन एवं दर्ता गर्नु पर्छ ।**

- योजनाबाट प्रत्यक्ष लाभान्वित हुने उपभोक्ताहरुको भेला गराई ७ वा ९ वा ११ जना भएको उपभोक्ता समिति गठन गर्ने ।
- सदस्यहरु छनौट गर्ने ।

**1) अध्यक्ष 2) उपाध्यक्ष 3) सचिव 4) कोषाध्यक्ष 5) सदस्यहरु**

- सदस्यहरुको संख्या घटीमा 7 जना, बढीमा 11 जना ब्यक्ति भए उत्तम हुन्छ ।
- सदस्यहरुको संख्या जहिले पनि बिजोर हुनु पर्नेछ ।
- उपभोक्ता समितिमा कम्तिमा 33% महिला अनिवार्य हुनु पर्नेछ ।जस मध्ये घटीमा एकजना महिला महत्वपूर्ण पदमा अनिवार्य हुनु पर्नेछ ।
- सदस्यहरु चयन गर्दा समेसम्म समावेशी हुनु पर्नेछ ।

- एक घर परिवारबाट एक भन्दा बढी सदस्य हुनु हुदैन ।
- सदस्यहरुको नाम, नागरिकता नम्बर र फोटो समेत माइन्यूट कितावमा टाँस गर्नु पर्नेछ ।

**४.६ सम्झौता (सम्झौता गर्न के गर्नु पर्छ ?)**

सम्झौता गर्ने वेलामा, **समुहको प्रष्ट बुझिने छाप** लिएर आउनु पर्छ ।

## 1. सम्झौता कसरी गर्ने ?

कार्यालयका सम्बन्धित कर्मचारी र उपभोक्ता समितिको कम्तिमा अध्यक्ष र कोषाध्यक्ष अथवा सचिव 2 जनाको रोहवरमा पारदर्शितामा आधारित भएर सम्झौतामा उल्लेख भएका निम्नानुसारका मुख्य चार कुराहरुलाई मनन गरी सम्झौता गर्ने । सम्झौता गर्नु पूर्व सम्झौताका शर्तहरु राम्ररी अध्ययन गर्ने ।

- कार्यालयबाट प्राप्त हुने नगद रकम ।
- कार्यालयबाट प्राप्त हुने जिन्सी सामानहरु ।
- जनश्रमदानबाट सम्पन्न गर्नुपर्ने कार्यहरु ।
- निर्माण कार्य सम्पन्न गर्ने समय अवधि ।
- सम्पन्न पछि हस्तान्तरण र मर्मत सम्भार ।

## 2. उपभोक्ता भेला राख्ने ।

कार्यालयसँग सम्झौता गरी सकेपछी उपभोक्ताहरुको भेला गराई उपरोक्त उल्लिखत मुख्य चार कुराहरु स्थानीयहरु समक्ष

जानकारी गराउने । अनि तल उल्लेख भएका कुराको वारेमा सबैजना सँगै बसी पक्का गर्ने ।

- कामको जिम्मेवारी बाँडफाँड गर्ने ।
- श्रमदान गर्नुपर्ने श्रम दिन बारे छलफल गरी सहमति जुटाउने ।
- काम सुरु गर्ने दिन निर्धारण गरिसकेपछि प्राविधिकलाई जानकारी दिने ।

## ४.७ समुहको खाता खोल्न के तयार गर्नु पर्छ ?

उपभोक्ता समितिले भूक्तानी लिनको लागि अनिवार्य रुपमा बैंकमा खाता खोल्न आवश्यक पर्दछ ।

### खाता खोल्न चाहिने आवश्यक कागजातहरु

- सम्बन्धित कार्यालयको अथवा गा.पा./न.पा./वार्ड कार्यालयको सिफारिस पत्र ।

*(सिफारिसको लागि कार्यालयमा निवेदन पेश गर्ने । निवेदनको उदाहरण अनुसुची ३ मा राखिएको छ ।)*

- खातावालाहरुको कम्तीमा दुई/दुई प्रति फोटो ।
- खातावालाहरुको नागरिकता प्रमाण-पत्रको प्रतिलिपि ।
  (सक्कल प्रति पनि देखाउनु पर्छ)
- उपभोक्ता समितिको सम्पूर्ण सदस्यहरुको बैठक गराई, क-कस्को नाममा खाता सञ्चालन गर्ने सो को निर्णय
- खाता खोल्ने फारम (सम्बन्धित बैंकबाट प्राप्त गर्ने) ।

- दस्तखत नमुना कार्ड (सम्बन्धित बैंकबाट प्राप्त गर्ने) ।
- बैंकको नियमानुसार चाहिने रकम जम्मा गरी खाता खोल्ने

**४.८ कार्यक्रम सुरु गर्दा ध्यान दिनु पर्ने कुराहरु :**

कार्यालयले उपभोक्ता समितिलाई सम्झौता गर्ने वेलामा कार्यक्रमको नक्सा उपलब्ध गराएको हुन्छ । निर्माण कार्य संचालन गर्दा यदि सो नक्सा नबुझेको खण्डमा आफै मनोमानी तरिकाले कार्यक्रम अगाडी बढाउनु हुँदैन । सो सम्बन्धी जानकारी फोनबाट वा कार्यालयमा आई सम्बन्धित प्राविधिकसँग सल्लाह लिई काम अगाडी बढाउनु पर्छ । सके सम्म तोकिएको अवधी भित्रमै काम सम्पन्न गर्नु पर्छ ।उपभोक्ता समितिले सम्झौता गरेको कार्यक्रम कुनै पनि अवस्थामा ठेक्का लगाउनु हुदैन । सो भएको अवस्थामा कार्यालयले भुक्तानी दिन बाध्य हुने छैन ।

**४.९ काम सम्पन्न भई सके पछि के गर्ने ?**

काम सम्पन्न भई सके पछि कार्यालयमा निवेदन पेश गर्नु पर्छ ।

**काम सम्पन्न भई सकेपछि चाहिने आवश्यक कागजातहरु**

१) भूक्तानी पाउँ वारे उपभोक्ता समितिको निवेदन ।(अनुसुची-४ अनुसार)

२) समितिको बैठकको माईन्यूटको प्रतिलिपि ।(अनुसुची-५ अनुसार)

३) सम्पन्न भएको कामको भूक्तानी गरिदिने वारे सम्बन्धित गा.पा./न.पा/वडा/अनुगमन समितिको सिफारिस पत्र ।(सिफारिसको लागि उपभोक्ता समितिले निवेदन दिनु पर्छ)

४) सार्वजनिक लेखा परिक्षण प्रतिवेदन (अनुसुची-६ अनुसार)

५) सबै कामको वील भर्पाइ (प्रत्येक कामको छुट्टाछुट्टै)

६) सम्पन्न कामको फोटो ( हार्ड कपि र सफ्ट कपि समेत)

**४.१० कार्यालयले सम्पन्न कामको नाँपजाँच गर्ने ।**

कार्यालयले के नांपजांच गर्छ ?

- यदि सम्झौतामा लेखेको रकम भन्दा खर्च बढी भयो भने उपभोक्ता स्वयंले व्यहोर्नु पर्छ । सम्झौता अनुसार काम गर्न अनुरोध गर्दछौं ।
- यदि लागत ईष्टिमेट भन्दा निर्माण काम कम भएमा आईटमका दर अनुसार हिसाब गरी आउने रकम मात्र भक्तानी दिइन्छ ।

➢ सम्झौताको बेला दिएको नक्सा अनुसार सबै काम सम्पन्न भएको छ कि छैन ?

**४.११ भुक्तानी लिन के तयार गर्नु पर्छ ?**

- बुँदा नं. 4.9 अनुसारका सम्पूर्ण कागजातहरु ।
- कार्य सम्पन्न पछि प्राप्त हुने भुक्तानी रकम उपभोक्ता समितिको खातामा जम्मा हुने भएकोले चेक वा चेकको फोटोकपि उपलब्ध गराउनुपर्छ ।
- रकम जम्मा भए नभएको म्यासेजको लागि बैंक वा सम्बन्धित प्राविधिक अथवा लेखा शाखामा फोन सम्पर्क गर्नु पर्छ ।

(हाम्रो आशय)

सबै काम सकेपछि मात्र एकमुष्ट भुक्तानी

**४.१२ बैंकको खाता बन्द गर्न के गर्नु पर्छ ?**

- यदि तपाईहरु बैंकको खाता बन्द गर्न आवश्यकता ठान्नु हुन्छ भन्ने मात्र बैंकको खाता बन्द गर्ने ।
- यदि तपाईहरुको समुदायमा भविष्यमा अर्को काम पनि गर्नु पर्नेछ भने, खाता बन्द नगर्नुहोला ।

- खाता बन्द गर्न सिफारिसको लागि कार्यालयमा निवेदन दिनु पर्छ ।
- कार्यालयले बैंकलाई खाता बन्द गर्ने सिफारिस गरि दिन्छ ।
- कार्यालयले तयार गरेको सिफारिस बैंकमा पेश गर्ने ।

**यदि पछी पनि सो समुहबाट काम गर्दै जाने हो भने सोही समुहलाई निरन्तरता**

# “धन्यवाद”

***सामुदायिक विकासको लागि, दिगो समुह बनाऔं ।***

दिगो समुह बनायो भने के के फाईदा हुन्छ ?

- दिगो समुह बनायो भने, समुदायमा आउने जुनसुकै विकासका काम (उदाहरणको लागि, कृषि, वन, भू-संरक्षण, पशु विकास, सिंचाई, खानेपानी, महिला तथा बालबालिका, आदी ...) समुदाय मार्फत गर्न सकिन्छ ।
- समुदायमा काम गर्दा, एक अर्कोसँग सम्बन्ध बढ्नुको साथै क्षमता विकास हुन्छ ।
- यदि तपाईहरुको समुहमा एक पटक बैंक खाता खोल्नु भयो भने जुनसुकै संस्थासँग सहयोग लिई काम गर्न खाता आवश्यक हुने भएको हुँदा छुट्टै बैंक खाता खोली रहन नपर्ने ।
- हाल सबै खालका भुक्तानी अनलाईन प्रणालीमा हुने र स्थायी लेखा नम्बर समेत भएकोमा सजिलो कारोबार गर्न सकिने ।

**यस कारणले, हामी दिगो समुह बनाउन सुझाव गर्दछौं ।**

## अनुसुची-१ : कार्यक्रम/योजना माँग गर्ने निवेदनको नमुना

मिति:

श्रीमान् कार्यालय प्रमुख ज्यू,
भू तथा जलाधार व्यवस्थापन कार्यालय
ओखलढुङ्गा ।

विषय: आर्थिक तथा पाविधिक सहयोग गरि दिनु हुन ।

महोदय,

उपरोक्त सम्बन्धमा ... ... ... जिल्ला ... ... ... ... ... न.पा/गा.पा. वार्ड नं. ..... स्थित ... ... ... ... ... ... मा 1) .................समस्याको परेको।2) संभाव्य क्षतिबाट प्रभावित हुने ..............क्षेत्रफल जग्गा, जमिन, ............घरधुरी र ...........जनसंख्या ।3) काम पछि (...........क्षेत्रफल, ..........घरधुरी, ...... जनसंख्या) फाईदाहरु हुने भएकोले

माथी उल्लेख भएका समस्याहरु सामाधान गर्नको लागि आवश्यक सहयोग गरि दिनु हुन यो निवेदन पेश गरेका छौं ।

| |
|---|
| समुहको बैठकको निर्णय |
| पालिका/वडा कार्यालयको सिफारिस |
| नागरिकताको छायाकापी |
| बैंक चेकको छायाकापी |
| समुहको दर्ता र PAN नं को प्रमाण पत्र |

दस्तखत :
नाम :
पद :
समुह/समितको नाम :
सम्पर्क नं. :

## अनुसुची-२: कार्यक्रम माँग गर्दा बस्ने समितिको बैठकको माईन्यूटको नमुना

आज मिति २० ... ।.....।..... गतेका दिन यस ... .... ... *(समिति/समुहको नाम वा वडा प्रतिनिधि)* ... ... समितिका अध्यक्ष श्री ... ... ... ... ... ... ... ... ... को अध्यक्षतामा बसेको बैठकले हामि तपसलि बमोजिमका उपभोक्ताहरुको उपस्थितिमा ... ... ... ... ... *(कार्यक्रमको नाम)* ... ... ... ... ... ... ... कार्यक्रम सम्बन्धि विभिन्न विषयहरुमा छलफल गरि सर्व सम्मतिबाट निर्णय गरियो ।

उपस्थिति :

| क्र.सं. | नाम | ठेगाना | दस्तखत |
|---|---|---|---|

प्रस्तावहरु :

१) कार्यक्रम माँग गर्ने सम्बन्धमा ।

२) समितिको नामाकरण तथा उपभोक्ता समिति गठन गर्ने सम्बन्धमा ।

३) अनुगमन समिति गठन गर्ने सम्बन्धमा ।

४) खाता खोल्ने सम्बन्धमा ।

५) पालिका/वडा कार्यालयबाट सिफारिस माँग गर्ने सम्बन्धमा ।

६) विविध ।

निर्णयहरु :

१) प्रस्ताव नं. १ माथी छलफल हुंदा ... ... ... जिल्ला ... ... ... ... न.पा/गा.पा. वार्ड नं. ..... स्थित ... ... ... ... ... ... मा (1) ........समस्याको विवरण ।(2) संभाव्य क्षतिबाट प्रभावित हुने ......जग्गा, जमिन, ..........घरधुरी र ....जनसंख्या । समस्याहरु सामाधान गर्नको लागि आवश्यक सहयोग गरि दिन भू तथा जलाधार व्यवस्थापन कार्यालय ओखलढुँगामा कार्यक्रम/योजना माँग गर्ने निर्णय गरियो ।

२) प्रस्ताव नं. २ माथी छलफल हुंदा उपरोक्त अनुसारको कार्यक्रम संचालन गर्नको लागि तपसिल बमेजिमका ... सदस्यिय ..... ...... ...... ... .. ... .. ... ... उपभोक्ता समिति गठन गर्ने सर्व सम्मतिबाट निर्णय गरियो ।

तपसिल:

| सि.नं. | ना. नं. र नाम | पद | सम्पर्क नं. | दस्तखत | फोटो |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |
| .. | | | | | |

३) प्रस्ताव नं. ३ माथी छलफल हुंदा उपरोक्त अनुसारको कार्यक्रमको अनुगमन गरी अनुगमन रिपोर्ट दिन तथा सिफारिस गर्नको लागि वडा अध्यक्ष संयोजक रहेको निम्नानुसारको ३ सदस्यिय अनुगमन समिति गठन गरि सर्वसम्मतिबाट निर्णय गरियो ।

१)

२)

३)

४) प्रस्ताव नं. ४ माथी छलफल हुंदा उपरोक्त अनुसारको कार्यक्रमको आर्थिक कारोवार गर्नको लागि बैंक खाता आवश्यक पर्ने भएकोले यसै समितिका अध्यक्ष ................., कोषाध्यक्ष ............. र सचिव ............. को संयूक्त दस्तखतबाट संचालन हुने गरी ................ बैंकमा खाता खोल्ने सर्व सम्मतिबाट निर्णय गरियो ।

५) प्रस्ताव नं.५ माथी छलफल हुंदा उपरोक्त अनुसारको कार्यक्रम संचालन गरिदिन यस उपभोक्ता समिति दर्ता गरी श्री भू तथा जलाधार व्यवस्थापन कार्यालय ओखलढुँगालाई सिफारिस गरिदिनको लागि ...... पालिका/वडा कार्यालयलाई अनुरोध गर्ने निर्णय गरियो ।

६) प्रस्ताव नं. ६ माथी छलफल हुंदा यस समितिको बैठक मिति ...... मा पून: बस्ने गरी हालको लागि बैठक समाप्त गर्ने निर्णय गरियो ।

**अनुसुची-३: बैंक खाता खोल्न सिफारिस सम्बन्धमा**

मिति:

श्रीमान् कार्यालय प्रमुख ज्यू,

भू तथा जलाधार व्यवस्थापन कार्यालय

कोशी प्रदेश, ओखलढुँगा

विषय: बैंक खाता खोल्न सिफारिस सम्बन्धमा ।

महोदय,

उपरोक्त सम्बन्धमा ... ... ... जिल्ला ... ... ... ... ... न.पा/गा.पा. वार्ड नं. ..... स्थित ... ... ... ... ... ... मा संचालन गरिने ... ... ... ... ... ... ... ... को आर्थिक कारेवार गर्न बैंकमा खाता खोल्नु पर्ने भएको हुनाले यस समितका अध्यक्ष श्री/श्रीमती/सुश्री ... ... ... ... ... ... ... र कोषाध्यक्ष श्री/श्रीमती/सुश्री ... ... ... ... ... ... ... को संयुक्त नाममा खाता खोल्न सिफारिस गरि दिनु हुन यो निवेदन पेश गरेका छौं ।

दस्तखत :

नाम :

पद :

समुह/समितको नाम :

सम्पर्क नं. :

## अनुसुची-४: अन्तिम किस्ता भूक्तानी सम्बन्धमा

मिति:

श्रीमान् कार्यालय प्रमुख ज्यू,

भू तथा जलाधार व्यवस्थापन कार्यालय

कोशी प्रदेश, ओखलढुँगा ।

विषय: अन्तिम किस्ता भूक्तानी सम्बन्धमा ।

महोदय,

उपरोक्त सम्बन्धमा त्यस कार्यालयसंग भएको सम्झौता अनुसार .... ... ... ... ... ... ... न.पा/गा.पा. वार्ड नं. ..... स्थित ... ... ... ... ... ... मा संचालित ... ... ... ... ... ... ...... ...... ... कार्यक्रम मिति ... ... ... ... ... ... मा सम्पन्न भई सकेको हुंदा अन्तिम किस्ता भूक्तानीका लागि आवश्यक ***सार्वजनिक लेखा परिक्षण प्रतिवेदन अनुगमन पतिवेदन वडा कार्यालयको सिफारिस पत्र तथा वील भर्पाइ*** यसै साथ संलग्न गरी नियमानुसार पाउने रकम भूक्तानीको लागि अनुरोध छ ।

दस्तखत :

नाम :

पद :

समुह/समितको नाम :

सम्पर्क नं. :

## अनुसुची-५: समितिको बैठकको माईन्यूटको नमुना

आज मिति २० ... ।.....।..... गतेका दिन यस ... .... ... *(समिति/समुहको नाम)* ... ... समितिका अध्यक्ष श्री ... ... ... ... ... ... ... ... ... को अध्यक्षतामा बसेको बैठकले हामि तपसलि बमोजिमका उपभोक्ताहरुको उपस्थितिमा ... ... ... ... ... *(कार्यक्रमको नाम)* ... ... ... ... ... ... ... कार्यक्रम सम्बन्धि विभिन्न विषयहरुमा छलफल गरि सर्व सम्मतिबाट निर्णय गरियो ।

उपस्थिति :

| क्र.सं. | नाम | पद | दस्तखत |
|---|---|---|---|
| ....... | ...... | ........ | ............ |

प्रस्तावहरु :

१ कार्यक्रमको सार्वजनिक लेखा परिक्षण सम्बन्धमा ।

२ अन्तिम किस्ता भूक्तानी लिने सम्बन्धमा ।

३ वडा कार्यालयको अनुगमन सिफारिस सम्बन्धमा ।

४ ३)योजना हस्तान्तरण र मर्मत सम्भार सम्बन्धमा ।

५ विविध ।

निर्णयहरु :

१) प्रस्ताव नं. १ माथी छलफल हुंदा भू तथा जलाधार व्यवस्थापन कार्यालय र यस समुह वीच भएको सम्झौता अनुसार ... ... ... *(कार्यक्रमको नाम)* ... .. को सम्पूर्ण काम मिति ... ... ... ... मा

सम्पन्न भई सकेको र सो काममा भए गरेको आम्दानी तथा खर्च सम्बन्धि सार्वजनिक लेखा परिक्षण गरी गराई भू तथा जलाधार व्यवस्थापन कार्यालयमा पेश गर्ने निर्णय गरियो ।

२) प्रस्ताव नं. २ माथी छलफल हुंदा कार्यालय र यस समुह वीच भएको सम्झौता अनुसार ... ... ... *(कार्यक्रमको नाम)* ... .. को सम्पूर्ण काम मिति ... ... ... ... मा सम्पन्न भई सकेको हुंदा अन्तिम किस्ता भूक्तानीको लागि भू तथा जलाधार व्यवस्थापन कार्यालय ओखलढुँगालाई अनुरोध गर्ने निर्णय गरियो ।

३) सम्पन्न कार्यक्रमको वडा कार्यालयबाट फिल्ड अनुगमन गराइ भुक्तानीका लागि सिफारिस माग गर्ने निर्णय सर्बसम्मतिबाट निर्णय गरियो

४) प्रस्ताव नं. ३ माथी छलफल हुंदा कार्यालय र यस समुह वीच भएको सम्झौता अनुसार ... ... ... *(कार्यक्रमको नाम)* ... .. को काम सम्पन्न भई सकेको हुंदा सो संरचनाको यस समूहलाइ हस्तान्तरण गरी गराइ सोको रेखदेख तथा स-साना मर्मत सम्भारको कामको जिम्मेवारी यस समुह/समितिको हुने व्यहोरा सर्व सम्मतिबाट निर्णय गरियो ।

**अनुसुची-६: सामाजिक परीक्षण प्रतिवेदन**

पेश गरिएको कार्यालय:- श्री भू तथा जलाधार व्यवस्थापन कार्यालय, कोशी प्रदेश, ओखलढुँगा ।

१. आयोजनाको पृष्ठभूमी :

- कार्यक्रमको नाम:-.............. .....................
- ठेगाना:-............. .......... .......................
- लागत अनुमान:- ........ .................. .......
- योजना शुरु मिति:-.......... ............ ......
- सम्पन्न मिति:-.................................

२. उपभोक्तासमिति/संस्थाको नाम :

जम्मा सदस्य संख्या:-

महिला:-......... पुरुष:-........

३. आम्दानी/खर्चको विवरण:-

(क)आम्दानी तर्फ:-

| आम्दानीको स्रोत (नगद/जिन्सी कंहाबाटआयो खुलाउने) | रकम/परिमाण | कैफियत |
|---|---|---|
| | | |
| | | |
| | | |

(ख)खर्च तर्फ:-

| खर्चको विवरण | परिमाण | दर | जम्मा | कैफियत |
|---|---|---|---|---|
| १) खरिद भएका सामाग्रीहरु | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| **२) ज्यामी ज्याला खर्च** | | | | |
| दक्ष ज्यामी | | | | |
| ज्यामी खर्च | | | | |
| ३) श्रमदान कतिदिन | | | | |
| ४) व्यवस्थापन खर्च(ढुवानी/अन्य) | | | | |
| जम्मा खर्च | | | | |

(ग)आम्दानी/खर्च र मौज्दात:-

| सि..नं | विवरण/क्रियाकलाप | जम्मा | कैफियत |
|---|---|---|---|
| १ | नगद | | |
| २ | बैंक | | |
| ३ | सामाग्रीहरु | | |
| | जम्मा | | |

(घ)भुक्तानी दिन बाँकि विवरण:-

| विवरण | रकम वा परिमाण |
|---|---|
| | |

४) सम्पन्न कामको लक्ष्य तथा प्रगति विवरण

| कामको विवरण | लक्ष्य | प्रगति |
|---|---|---|
| | | |

५) आयोजनाले पुर्याएको लाभ तथा प्रत्यक्ष रुपमा लाभान्वित जनसंख्या(आयोजना संचालन भएको स्थानका उपभोक्ताहरुको)

| सि.नं. | नाम, थर | संस्थाको नाम/ठेगाना | दस्तखत |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| | | | |
| | | | |

६) आयोजना संचालन गर्दा आयोजक संस्थामा कामको जिम्मेवारी बांडफांड ककसले कस्तो कस्तो जिम्मेवारी लिएका थिए ?

| नाम,थर | पद | जिम्मेवारी |
|---|---|---|
| | | |
| | | |

७) सार्बजनिक परिक्षण गरिंदा उपस्थित सरोकारवाला निकायका प्रमुख एबं पदाधिकारीहरु:-

| क्रम संख्या | नामथर | पद | ठेगाना | दस्तखत |
|---|---|---|---|---|
| | | | | |

| तयार गर्नेको: | जांच गर्नेको: | स्वीकृत गर्नेको:: |
|---|---|---|
| नाम: | नाम: | नाम: |
| दस्तखत : | दस्तखत: | दताखत:: |
| पद: सचिब | पद: कोषाध्यक्ष: | पद: अध्यक्ष |
| मिति : | मिति : | मिति : |

# केही अमृत वचनहरु

♣ “संरक्षित जलाधार,
समुन्नतिको आधार”

♣ “विरुवा माटो र पानीको मान,
आंखाको नानी समान”

♣ “प्राकृतिक प्रकोप प्रतिको चेतना,
जनधनको सुरक्षाको निश्चितता”

♣ “माटो संरक्षण गर्न सके उत्पादन बढ्छ,
माटो खेर गए हात मुख जोर्न गाह्रो पर्छ”

♣ “खेर जाने पानी लगाऔं करेसा वारीमा,
सबैको आंखा हुनेछ हाम्रो तरकारीमा”

♣ “कान्लामा फलफूल, गह्रामा अन्न
भू-क्षय हुन्न, उत्पादन टन्न”

♣ “माटो पानी जोगाऔं,
हरियाली बढाऔं”

♣ आधा शक्ति पुरुष, आधा शक्ति नारी
विकासमा दुबैको छ उस्तै जिम्मेवारी”

♣ माटो जस्तो वस्तुलाई, प्राण जस्तै ठानौं
जीवन धान्न अरु छैन माटो नै हो जानौ”

♣ “जीवनको आधार,
माटो पानीको स्याहार”

♣ “ भू-संरक्षणको सफलता,
क्रियाशील जनसहभागिता”